नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१
फ्याक्स : ४२११५६३

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- १२०५

मिति: २०७६/११/०६

विषय: निकासा सम्बन्धमा।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय सबै।

प्रस्तुत बिषयमा सामाजिक सुरक्षा बजेट शिर्षक नं. ३१४०१०१२ बाट ७५३ स्थानीय तहहरूमा वार्षिक वजेट विनियोजन भईसकेको ब्यहोरा विदितै छ। वजेट विनियोजन हुँदा LMBIS मा चौमासिक रूपमा (पहिलो चौमासिक ४०%, दोस्रो चौमासिक,३०% र तेस्रो चौमासिक ३०%) भएकोछ। उल्लिखित तवरले वजेट विनियोजन भएकोमा कतिपय स्थानीय तहहरूमा पहिलो र दोस्रो चौमासिकमा समेत सामाजिक सुरक्षा भत्ता वितरण गर्न रकम अपुग भएको भनी स्थानीय तहबाट प्राप्त पत्रबाट जानकारी हुन आएकोछ। अत: दोस्रो चौमासिक निकासाबाट सामाजिक सुरक्षा भत्ता वापत ३०% मात्र रकम निकासा उपलब्ध गराउँदा भत्ता रकम अपुग हुने स्थानीय तहहरूमा भत्ता वितरण गर्न तत्काल बजेट ब्यवस्थापन गर्न आवश्यक भएकाले उक्त दोस्रो चौमासिक भत्ता रकम अपुग हुने स्थानीय तहहरूकालागि अपुग भएको ब्यहोराको पुष्टयाई सहित पेश गरेमा वार्षिक विनियोजित वजेटवाट दोस्रो चौमासिकको लागि आवश्यक रकम निकासा उपलब्ध गराईदिने ब्यवस्था हुनकालागि अनुरोध छ।

जितेन्द्र बस्नेत
महानिर्देशक

**बोधार्थ:**

गृह मन्त्रालय, आर्थिक प्रशासन शाखा
स्थानीय तह सवै।